# चिकित्सकको आचारसंहिता (सामाजिक सञ्जाल तथा बिद्युतीय माध्यम प्रयोग समेत)

# सामाग्री सहित सामाजिक सन्जाल तथा विद्युतिय सञ्चार माध्यम उपयोग आचारसंहिता

नेपाल मेडिकल काउन्सिल नियमावली २०२४ मा भएको चिकित्सकीय आचार संहिता प्रावधानहरुको साथै सामाजिक सञ्जाल तथा विद्युतिय सञ्चार उपयोगका लागि देहायको आचार संहिता कायम गरिएको छः-

(१) दर्तावाल चिकित्सकले आफुले नेपाल मेडिकल काउन्सिलामा दर्ता रहेका बाहेकका उपाधी प्रयोग गर्न गराउन हुँदैन, सामाजिक सन्जालमा कुनै पेशागत विवरण राख्नु पर्ने भए काउन्सिल दर्ता प्रमाणपत्रमा उल्लेखित उपाधी मात्र लेख्न पाइने छ ।

(२) नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकहरुले **सामाजिक सञ्जाल तथा विद्युतिय सञ्चार माध्यममा** लेख्दा तथ्यपरक सान्दर्भिक विषय वस्तु मात्र राख्नुपर्ने छ ।

(३) उपचारजन्य कुनै पनि जानकारी दिनु पर्ने भएमा वैज्ञानिक रुपमा स्थापित तथ्य मात्र लेख्न पाइने छ । साथै सम्भव भएसम्म उक्त तथ्यको पछिल्लो सन्दर्भ सामाग्री (reference) उल्लेख गर्नु पर्नेछ ।

(४) कुनै पनि बिरामीसंग सम्बन्धित विषयवस्तु बारे जानकारी दिनुपर्ने भए निजको वा निजको हकवालाको सुसूचित मन्जुरी (informed consent) लिन अनिवार्य छ । तर बिरामीको परिचय खुल्नेगरि कुनै पनि उपचारजन्य भिडियो वा तस्विर सामाजिक संजालमा राख्न पाइने छैन ।

(५) उपचारसंग सम्बन्धित रहेर दिइने अनलाइन सुझाव तथा परामर्शको हकमा निम्नानुसार व्यवस्था लागु हुनेछ ।

क) अनलाइन परामर्शमा समेत कानुनी पक्ष आकर्षित हुनेहुँदा अनिवार्य रूपमा लिखित अभिलेख राख्नु पर्नेछ ।

ख) अनलाइन परामर्श तथा सुझाव प्रदान गर्दा कुनैपनि रोगको निदान तथा उपचार असहज हुने देखिएमा अनिवार्य रूपमा बिरामीलाई भौतिक चेकजाँच गरेर मात्र उपचारजन्य सुझाव तथा सल्लाह दिनु पर्नेछ ।

ग) अनलाइन परामर्श र भौतिक परामर्श दुबैको कानुनी दायित्व बराबर हुने हुँदा सोही अनुरूप गर्न गराउन अनिवार्य छ ।

घ) कुनै पनि समस्याका बारेमा अनलाइन छलफल गर्दा आफ्नो धारणा प्रकट गर्न पाइने छ । तर अन्य व्यक्ति तथा संस्थाका धारणाहरुको आलोचना गर्दा तथ्यपरक ज्ञान तथा जानकारी आवश्यक पर्नेछ । आलोचनात्मक अभिव्यक्तिमा समेत अपमानजनका शब्द प्रयोग गर्न पाईने छैन ।

ङ) अनलाइन परामर्श बारे अन्य व्यवस्था नेपाल मेडिकल काउन्सिलको Telemedicine guideline मा उल्लेख छन् ।

(६) सामाजिक सन्जाल प्रयोगको क्रममा आफ्नो सहकर्मी मित्रहरु प्रति अनिवार्य रूपमा नेपाल मेडिकल काउन्सिल नियमावली २०२४ मा तोकिए बमोजिमको व्यवहार तथा आचरण पालना गर्नु पर्नेछ ।

(७) सहकर्मी चिकित्सकलाई अनुचित शब्द प्रयोग गर्न, गालीगलौज गर्न तथा त्यस्ता शब्दले सम्बोधन गर्न पाइने छैन ।

(८) कुनै पनि चिकित्सकले आफ्ना पदीय वा पेशागत मर्यादा विपरितका अभिव्यक्तिहरु सम्प्रेषण गर्न पाईने छैन ।

**नेपाल मेडिकल काउन्सिल**